# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०६ संख्याः १५ मितिः २०७९।११।०३

## भाग-२

सम्बत् २०७९ सालको कार्यविधि नं ९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको माछापुच्छ्रे गाउँपालिकाको **"माछापुच्छ्रे गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन मापदण्ड/कार्यविधि, २०७९"** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ।

माछापुच्छ्रे गाउँपालिका गाउँपालिकाको कार्यालय

# कृषि विकास कार्यक्रम संचालन मापदण्ड/कार्यविधी २०७९/८०

**गाउँ कार्यपालिकाबाट पारित मितिः २०७९/११/०३**

**प्रस्तावना** —माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखा मार्फत संचालन हुने कृषि विकास कार्यक्रमलाइ व्यवस्थित ,पारदर्शि र प्रभावकारी रुपमा संचालन गर्न नेपालको संविधान २०७२ बमोजिम खाद्य संप्रभुताको हकको संरक्षण गर्दै राज्यले अंगिकार गरेको कृषि नितिमा उल्लेखित किसानको हकहितको संरक्षण ,समबर्दन कृषि उत्पादन र उत्पादकत्व वढाउन परम्परागत कृषि प्रणलिलाइ आधुनिकिकरण र व्यवसायिकरण गर्दै प्रशोधन, भण्डारण र बजारीकरण गर्न कृषक, कृषक समुह र सहकारीहरुलाइ कृषि सेवा,समाग्री ,तालिम, प्रविधिका साथै कृषि उपजको उचित मूल्य र वजारिकरण पँहुचको ब्यवस्था, तुलनात्मक लाभहरुको न्यायोचित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न बाञ्छनिय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ वाट प्रत्याभुति हक अनुसार स्थानिय तह शासन संचालनका लागी वनेको ऐन २०७६ को परिच्छेद १५ को दफा १०२ वमोजिम माछापुच्छ्रे गाँउपालिकाको कृषि विकास कार्यक्रम संचालन मापदण्ड/कार्यबिधि २०७९/८० तयार गरिएको छ ।

पारिछेद -१

<u>प्रारम्भिक</u>

१.**<u>सम्क्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस कार्यविधिको नाम "कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०७९/८० रहने छ |

(२)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ |

(३)यो कार्यविधि माछापुच्छ्रे गाउँपालिका भर लागु हुनेछ

२.**<u>परिभाषा</u>**ः बिषय वा प्रसङ्गले अर्को अर्थ नालागेमा यस कार्यविधिमा :

(क) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागि कार्यालय बाट उपलब्ध गरिने रकमलाई सम्झिनु पर्दछ |

(ख)"अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक /फर्म /कम्पनि /समूह /सहकारी संस्थालाई सम्झनु पर्दछ|

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

(ग)"कम्पनि" भन्नाले ब्यबसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कम्पनि कानुन अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्दछ |

(घ)"कार्यक्रम" भन्नाले यस कार्यविधिमा उल्लेखित भएको क्रियाकलाप/कार्यक्रम लाई सम्झनु पर्दछ |

(ङ)"कार्यालय" भन्नाले माछापुच्छ्रे गाउँपालिका अन्तर्गत कृषि बिकास शाखालाई सम्झनु पर्दछ |

(च)"कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या,आवश्यकता र चाहनाहरु भएका न्यूनतम २० वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामुहिक प्रयत्नद्वारा कृषि क्षेत्रमा साझा उदेश्यहरु प्राप्त गर्न स्थापना भई अधिकारिक निकाएमा दर्ता भएका संस्थालाई सम्झनु पर्दछ |

(छ)"फर्म" भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएको निजी क्षेत्रका ब्यबसायी/उद्धमिको संस्थालाई सम्झनु पर्दछ |

(ज)"सहकारी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सम्बन्धि कार्य गर्ने संस्थालाई सम्झनु पर्दछ |

३.**उदेश्यः** यस कार्यविधिको उदेश्य देहाय बमोजिम हुने छ,

(क) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरि खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने,

(ख) प्रबिधि हस्तान्तरण मार्फत कृषि व्यवसायलाई व्यवसायिकरण गरि आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने,

(ग) कृषि उपजको सरल र सुलभ बजारको पहुँच वृद्धि गर्दै आयात प्रतिस्थापन गरि निर्यात प्रबर्दन गर्दै कृषकहरुको आय स्तरमा सुधार गर्ने,

(घ) कार्यक्रमहरु ब्यबस्थित,पारदर्शी र प्रभावकारी रुपमा सन्चालन गर्ने |

४.**<u>कृषि विकास कार्यक्रमहरुको विवरण</u>** :कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम तथा बजेट परिधिभित्र रही देहाय बमोजिमको कार्यक्रम हुनेछन्ः

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

| क.सं | कार्यक्रम | मापदण्डहरु | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/ प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | जैविक/प्राकृतिक प्रकोपबाट बाली क्षति भएका कृषकलाई राहत कार्यक्रम | ➢ कुनैपनि जैविक महामारी तथा प्राकृतिक प्रकोपबाट कृषकको खडाबाली लाई क्षति गरेको हुनु पर्ने,<br>➢ जैविक तथा प्राकृतिक प्रकोपबाट क्षति भएको बालीको प्रहरी मुचुल्का सहितको निबेदन हुनुपर्ने,<br>➢ प्रभावित कृषकहरुले आफ्नो बालीमा भएको क्षतिको राहत पाउनको लागि गाउँपालिका कृषि शाखामा क्षतिको विवरण सहित ३५ दिन भित्रमा निबेदन दिनु पर्नेछ,<br>➢ जैविक तथा प्राकृतिक प्रकोपबाट नोक्सान भएको बालीको प्राबिधिक मुल्यांकन हुनुपर्नेछ,<br>➢ क्षति भएको कृषकको जग्गाको वर्गिकरण साना कृषक -१ देखि ५ रोपनी सम्म मझौला कृषक -६ रोपनी देखी १० रोपनी सम्म | जैविक तथा प्राकृतिक प्रकोपको क्षतिको मुल्यांकन गरि विपत ब्यवस्थापा न समितीको निर्णय अनुसार तपशिल बमोजिमको कुल उत्पादन लागतको २५% हुन आउने रकम राहत उपलब्ध गरिनेछ \| | प्राबिधिकको क्षति मूल्यांकनका आधारमा राहत उपलब्ध गराउन सकिनेछ, जसलाइ सुत्र मार्फत हिसाव अनुसार रकम निर्धारण गरिनेछ।<br>*गाउँपालिका अन्तर्गत कुनै एक स्थानीय तहको १ रोपनी क्षेत्रफल आंशिक रुपमा क्षेति भएमा निजले पाउने रकम देहाय बमोजिम हुन आउछ \|<br>क)किसानको क्षति भएको जम्मा क्षेत्रफ़ल=१ रोपनी<br>ख)नेपाल सरकारले निर्धारण गरेको कास्की जिल्लाको औसत उत्पादन कुइन्टल प्रति रोपनी =१.९०<br>ग)औसत उत्पादन लागत रु प्रति कुइन्टल =रु.२३०४<br>घ)आंशिक रुपमा क्षति भएको क्षेत्रफलको क्षति प्रतिसत=०.४०<br>अव १ रोपनी क्षेत्रफलमा क्षति पुगेका किसानले पाउने राहत रकम =<br>**(क)*(ख)*(ग)*(घ)** बाट आउने रकम अर्थात्<br>१*१.९०*२३०४*०.४०=**रु १७५१.०४** बाट निजले पाउने उत्पादन लागतको २५% को हुन आउने रकम **रु.४३७.७६** मात्र | |

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| | | ठुला कृषक -११ रोपनी देखी १५ रोपनी सम्म<br>➢ कुल क्षति भएको कम्तिमा १ रोपनी र बढीमा १५ रोपनी सम्मको क्षेत्रफललाई मात्र राहत उपलब्ध गराउने । | | | |
| २. | ५०% अनुदानमा जैविक मल तथा जैविक बिषादी वितरण कार्यक्रम | बिषादी प्रयोग न्यूनीकरणका लागि ५०% अनुदानमा जैविक बिषादी तथा मल उपलब्ध गराउने ।<br>➢ माग संकलनका लागि वडा कार्यालय मार्फत सूचना प्रकाशन तथा प्रशारण गर्ने<br>➢ सम्बन्धित वडा अध्यक्ष अथवा जनप्रतिनिधिको सिफारिशमा माग संकलन गर्ने<br>➢ सोहि माग अनुसार वडा कार्यालय र अनुगमन समितिको निर्णय/ मुल्यांकनको आधारमा कृषक छनौट गरी वितरण गर्ने<br>➢ कृषकलाई वितरण गरको भरपाई अभिलेख राख्ने<br>➢ वितरण गर्दा पहिलो प्राथमिकता कृषक समूह,कृषि सहकारी संस्था,कृषि फर्म र अगुवा कृषकलाई | बाली उत्पादनमा आवश्यक पर्ने जैविक मल तथा बिषादी खरिद, ढुवानिमा अनुदान प्रबाह गर्ने। | बाली उत्पादनमा आवश्यक जैविक बिषादी तथा मलमा ५०% अनुदान प्रदान गर्न सकिनेछ । | |

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| | | क्रमश वितरण गर्ने र कार्यक्रम सम्पन्न पश्चात अनुगमन गर्ने । | | | |
| ३. | ५०% अनुदानमा कृषि सामग्री हेलनेट ,मेटल बिन,ग्रीन ब्याग,मलचिंग प्लास्टिक, इन्सेट नेट आदि) | ➢ माग संकलनका लागि वडा कार्यालय मार्फत सूचना प्रकाशन तथा प्रशारण गर्ने<br>➢ सम्बन्धित वडा अध्यक्ष अथवा जनप्रतिनिधिको सिफारिशमा माग संकलन गर्ने<br>➢ सोहि माग अनुसार वडा कार्यालय र अनुगमन समितिको निर्णय/ मुल्यनङ्नको आधारमा कृषक छनौट गरी  वितरण गर्ने<br>➢ कृषकलाई वितरण गरको भरपाई अभिलेख राखे<br>➢ वितरण गर्दा पहिलो प्राथमिकता कृषक समूह,कृषि सहकारी संस्था,कृषि फर्म र अगुवा कृषकलाई क्रमश वितरण गर्ने र कार्यक्रम सम्पन्न पश्चात अनुगमन गर्ने । | हेलनेट ,मेटल बिन,ग्रीन ब्याग,मलचिंग प्लास्टिक, इन्सेक्त नेट आदि खरिद/ढुवानी । | ५०% अनुदानमा हेलनेट,मेटल बिन,ग्रीन ब्याग,मलचिंग प्लास्टिक, इन्सक्त नेट आदि उपलब्ध गराउन सकिनेछ । | |
| ४. | ५०% अनुदानमा कृषि यान्त्रिकरण कार्यक्रम | ➢ ब्याबसायिक रुपमा खेति गर्ने कृषक,कृषक समूह तथा कृषि | कृषि क्षेत्रमा प्रयोग हुने यन्त्रहरु जस्तै हाते ट्याक्टर,कर्न सेलर,ज्याब | **कृषि यान्त्रिकरण तथा कृषि औजार उपकरण अनुदान सहयोग सम्बन्धि कार्यक्रम संचालन कार्यविधि, २०७९ बमोजिम** | |

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| | | सहकारीलाई माग संकलनका लागि सूचना प्रकाशन गर्ने र वडा  कार्यालय मार्फत सूचना प्रशारण गर्ने ।<br>➢ वडा कार्यालयको सिफारिशको साथ माग भई आएका कृषक समूह,सहकारी,कृषि फर्म तथा कृषकलाई क्रमस प्राथमिकता दिईने ,<br>➢ वितरण गरेको भरपाई अभिलेख राख्ने। | प्लान्टर,स्प्रेयर आदि खरिद/ढुवानी | | |
| ५. | उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम , | ➢ मापदण्ड बमोजिम माछापुच्छ्रे गाउँपालिका भित्रका कृषक,कृषि फर्म,कृषक समूह तथा सहकारी संस्था लाई पुरस्कृत गर्न सकिनेछ ।<br>➢ ब्यावसायिक उत्कृस्ट कृषक सम्मान कार्यक्रमको लागि निम्न बमोजिमको मापदण्ड पुगेका कृषक, कृषक समूह,सहकारी,कृषि फर्म आदिले निबेदन दिन सक्नेछन ।<br>• खाद्यान्न,दलहन,तेलहन बालीका लागि देखि १० रोपनी,<br>• तरकारी, पुष्प तथा मसला बालीको लागि | उत्कृस्ट तथा सर्बो उत्कृस्ट कृषक,कृषि फर्म,कृषक समूह तथा सहकारी संस्था लाई पुरस्कृत तथा सम्मान कार्यक्रम संचालन गरिनेछ । | गाउँपालिका उत्कृष्ट कृषक पुरस्कार राशी<br><br>सर्बो उत्कृष्ट पशु तर्फः रु.१००००/-<br>सर्बो उत्कृष्ट कृषि तर्फः रु.१००००/-<br>उत्कृष्ट पशु तर्फ(१० जना):रु.६०००/-<br>उत्कृष्ट कृषि तर्फ(१० जना):रु.६०००/-<br><br>अन्य क्रियाकलापको लागि नियमानुसार खर्च गर्न सकिने छ । | |

माछापुच्छ्रे गाउँपालिकाको कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५ रोपनी, प्लास्टिक घरमा १००० वर्ग मिटर<br>• कन्य च्याउको हकमा ५०० वर्ग मिटर र सिताकेको हकमा ५०० मुढामा<br>• फलफुलको हकमा १० रोपनी<br>• मौरीपालनको हकमा ३० घार(गोला सहित)<br>• भेडा र च्यांग्राको हकमा १०० गोटा,<br>• बाख्राको हकमा ५० गोटा ,<br>• बंगुर/सुँगुरको हकमा २५ माउ र ५० पिगलेट<br>• गाई/भैंसीको हकमा १० वटा दुधालु<br>• चौरीको हकमा २० गोटा माउ<br>• कुखुराको हकमा स्थानीय जात ५०० र अन्यको हकमा ५००० गोटा<br>• माछापालनको हकमा ५ रोपनी (रेन्बो ट्राउटको हकमा ५०० वर्ग मिटर ) | | | |
| ६. | कृषि उपज संकलन केन्द्र स्थापना तथा संचालन, | ➢ माग संकलनका लागि वडा कार्यालय मार्फत सूचना प्रकाशन तथा प्रशारण गर्ने | संकलन केन्द्रलाई आवश्यक पर्ने सामग्रीमा सहयोग, | ५०% साझेदारीमा संकलन केन्द्रलाई आवश्यक पर्ने सामाग्रीमा सहयोग गर्ने, | |

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| | | ➢ पालिका भित्र संचालन रहेका संकलनकेन्द्रको खरिद बिक्रीको अभिलेख अनुसार छनौट गर्ने,<br>➢ उत्पादन क्षेत्र कम्तीमा ५० रोपनी भन्दा बढी हुनु पर्ने,<br>➢ छनौट भएका संकलन केन्द्रको मासिक ५ कुईनटल तरकारी संकलन गरेको हुनु पर्ने,<br>➢ बिगत २ वर्ष देखि संचालनमा रहेका समूह,सहकारी वा व्यक्तिबाट संचालनमा रहेका संकलन केन्द्रको छनौट गरिनेछ,<br>➢ संकलन केन्द्रले प्रत्यक महिनाको तरकारी खरिद तथा बिक्रि गरेको लिखित अभिलेख पेश गर्नुपर्ने, | | | |
| ७. | बाली कटानी कार्यक्रम, | ➢ बिभिन्न वालीको उत्पादकत्व को लागि बिभिन्न ठाउँ बाट लिनुपर्नेछ ।<br>➢ पाकेको बालिको उत्पादकत्व लिनलाइ १० बर्ग मिटर बाट लिनुपर्नेछ । | क्षेत्रगत रुपमा विभिन्न बालीको बालीकटानीको माध्यमबाट उत्पादकत्व अनुमान गरिनेछ \|बाली कटानि गर्ने कृषकलाई भरपाई गराएर भुक्तानी दिनु पर्ने छ । | प्रति वाली कटानि गरेवापत एक दिनको अदक्ष ज्यामी बरावरको रकम खर्च गर्न सकिने छ वा संघिय कार्यविधिको आधारमा कार्यक्रम संचालन गरिनेछ । | |

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | स्थलगत घुम्ती तालीम, | स्थलगत घुम्ती कृषक तालिम आबश्यकता हेरी १ देखि ३ दिन सम्म संचालन गर्न सकिनेछ,स्थलगत तालिम सबै प्रकारका पकेट,समय सापेक्ष प्रबिधि र समस्या भएका स्थानहरुमा कृषक समूह,सहकारी संस्थाले माग गरे बमोजिम संचालन गर्न सकिने छ ।स्थलगत घुम्ती तालिममा न्यूनतम १५-३० जना हुनुपर्नेछ,सहभागी मध्ये ५०%(महिला,जनजाती,दलित,) कृषकहरुलाई प्राथमिकतामा राखी सहभागिता हुनुपर्नेछ । | कृषकको माग बमोजिमको बिषयवस्तु अनुसारको तालिम संचालन तथा प्रशिक्षक भत्ता,खाजा खर्च,हल भाडा,स्टेसनरी खर्च तथा प्रयोगात्मक अभ्यासको लागि आवश्यक सामग्री खरिद,अन्य तालिम ब्यबस्थापन खर्च | एक दिने तालिम संचालन खर्च एकमुष्ट **रु.२२५००/-**<br>प्रशिक्षक भत्ताः रु.७००/-प्रतिसेसन<br>कार्यपत्रः रु.८००/-प्रतिसेसन, चियापानः रु.२००/- प्रति व्यक्ति,<br>स्टेसनरीः रु.१५०/- प्रति ब्यक्ति,<br>प्रतिबेदन तयारीः रु.१०००,<br>तालिम प्रयोगात्मक सामाग्री ब्यबस्थापन खर्चः रु.३५००/-<br>फोटोकपी,ब्यानर,तथा आवश्यक अन्य सामाग्रीको खर्चको लागि एकमुस्टः रु.१५००/- | |
| ९. | ५०% साझेदारी स्थाई प्लास्टिक घर निर्माण कार्यक्रम, | ➢ ब्यावसायिक रुपमा खेति गर्ने कृषक,कृषक समूह,फर्म तथा कृषि सहकारीलाई माग संकलनका लागि सूचना प्रकाशन गर्ने र वडा कार्यालय मार्फत सूचना प्रशारण गर्ने<br>➢ उक्त कार्यक्रममा कृषक,फर्म,समूह,र सहकारीले आबेदन पेश गर्न पाउने छन्,निबेदन पेश गर्ने कृषकले तरकारी खेति गरेको हनुपर्नेछ,<br>➢ आर्थिक विकास समिति तथा सम्बन्धित वडा कार्यालयको जनप्रतिनिधी सहित फिल्ड अनुगमन तथा | प्राबिधिक स्टिमेटको आधारमा स्थाई प्लास्टिक घर निर्माण कार्य गर्ने, | ५०% अनुदानमा लागत सझेदारिमा स्थाई प्लास्टिक घर निर्माण गरिने छ । | |

माछापुच्छ्रे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| | | अनुगमन प्रतिबेदनको आधारमा आर्थिक बिकास समितिको सिफारिस र कार्यपालिकाको निर्णय अनुसार प्रस्ताबना छनौट गरिनेछ ।<br>➢ प्लास्टिक टनेल प्राविधिक स्टिमेट अनुसार सम्झौता गरि बनाऊनु पर्नेछ,<br>➢ भुक्तानीको लागि सम्झौता लागत स्टिमेट अनुसार प्राबिधिक मुल्यांकन ,वडा कार्यालयको कार्यसम्पादन सिफारिस र अनुगमन समितिको प्रतिबेदनको आधारमा कृषकलाई अनुदान रकम भुक्तानी गरिनेछ, | | | |
| १० | सिताके च्याउ उत्पादन कृषकलाइ बिउ तथा उपकरणमा सहयोग कार्यक्रम , | ➢ सिताके च्याउ खेती गर्ने कृषकको लागि सुचना प्रकाशन गर्ने ।<br>➢ छनौट हुने कृषक प्रबिधि अनुकुल स्थानको हुनु पर्ने छ ।<br>➢ छनौट कृषकलाइ च्याउ खेतीको लागी आवश्यक पर्ने सामाग्रीमा सहयोग गरिनेछ । | सिताके च्याउ खेति गर्न आवश्यक सामाग्रीमा सहयोग गर्ने । | अनुदान कार्यक्रम ५०% लागत सहभागितामा सहयोग गर्ने । | |
| ११ | नियमित वालि निरिक्षण कार्यक्रम। | ➢ कृषकको खेत वारीमा बालीबिषेश बिभिन्न रोग,किरा तथा | बिभिन्न बालिमा देखिएको समस्या सामाधानको लागि | परामर्श सेवा प्रदान गर्न कृषकको फिल्डमा खटिने कर्मचारीको लागि दैनिक भ्रमण भत्ता वापत खर्च गर्न सकिने । | |

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| | | बिभिन्न समस्या रहेको समयमा कृषकको खेत बारिमै समस्या समाधानको लागि सुझाब दिन सकिने ।<br>➢ समस्या परेको खण्डमा कृषकले कृषि बिकास शाखामा खबर गर्नु पर्नेछ । | सल्लाह प्रदान गरिनेछ। । | | |
| १२ | पालिका स्तरिय बहुउद्देश्यि नर्सरी स्थापना, | ➢ कृषक/कृषक फर्म/कृषक समुह/सहकारी मा पालिका स्तरिय बहुउद्देशिय नर्सरीको स्थापनाको लागि सुचना आवेदन प्रकाशन गरिनेछ ।<br>➢ पालिका स्तरिय नर्सरी को लागि बिभिन्न प्रकारको फलफुल तथा तरकारीको नर्सरी बिरुवा उत्पादन गर्नुपर्नेछ ।<br>➢ पालिका स्तरिय बहुउद्देश्यीय नर्सरी माछापुछ्रे गाँउपालिका भित्र गर्नुपर्नेछ । | पालिका भित्रको अनुकुल स्थानमा स्थापना गरि बिरुवा उत्पादन गरिनेछ । | ५० % लागत साझेदारी सहयोग कार्यक्रम, | |
| १३ | कृषकको माग र आबश्यकतामा आधारित ५०% अनुदानमा कृषि कार्यक्रम | ➢ ब्याबसायिक रुपमा खेति गर्ने कृषक,कृषक समूह,फर्म तथा कृषि सहकारीलाई माग संकलनका लागि सूचना प्रकाशन गर्ने र वडा कार्यालय | कृषकको माग र आबश्यकताको आधारमा कार्यक्रम कार्यन्वयन गरिनेछ । | ५०% लागत साझेदारीमा अनुदान प्रदान गर्न सकिनेछ । | |

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| | | मार्फत सूचना प्रशारण गर्ने<br>➢ सूचना माग अनुसार र आबश्यकताको आधारमा जुनसुकै कार्यक्रमका लागि (कृषि औजार उपकरण,उन्नत बिउबिजन तथा बिरुवा, प्रबिधि तथा तालिम ) मा आबेदन दिन सकिनेछ<br>➢ कार्यक्रम छनौट गर्दा कृषकको जुन बिषयको कार्यक्रममा बढी माग र आबश्यकता हुन्छ सोहि छनौट गर्दा भौगोलिक अवस्थाका आधारमा कार्यक्रम छनौट गरिनेछ, | | | |
| १४ | बालीपात्रो निर्माण तथा बुकलेट,पम्प्लेट छपाई | विभिन्न ब्यबसायिक रुपमा खेति भएका बिशेष बालीहरुको उन्नत खेति प्रबिधि सम्बन्धि सचित्र सहितको बाली पात्रो निर्माण गरिनेछ , | विभिन्न किसिमका ब्यबसायिक बालीको पात्रो तयार गरि शाखाबाट कृषकलाई आबश्यकता अनुसार वितरण गरिनेछ । | बाली पात्रो निर्माण गर्दा लाग्ने( पात्रो,बुक लेट, पोस्टर, पमप्लेट आदि) सम्पुर्ण कार्यका लागि खर्च गरिनेछ । | |
| १५ | मिनिकीट वितरण कार्यक्रम | ➢ कृषक स्तरमा सहजै रुपमा पुग्न नसकेका विभिन्न तरकारी बालीको नयाँ विकास भएको उन्नत जात स- साना पोका मार्फत कृषकलाई | पालिका अन्तर्गत दर्ता भएका सक्रिय कृषक समूह, कृषि संजाललाई उन्नत लहरे तरकारी बालीको बिउ, | वीउ खरिद, ढुवानि मा खर्च गर्न सकिने छ । | |

मालापुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| | | परीक्षणको लागि वितरण गरिनेछ ।<br>➢ पालिका अन्तर्गत दर्ता भएका १ देखि ९ सबै वडामा रहेका कृषक समूहलाई छनौट गरि प्रति सदस्य रु.२०० बराबरको मिनिकीट वितरण गरिनेछ ।<br>➢ अन्तमा मिनिकीट वितरण गरिएका कृषक समुहबाट जात परिक्षण पश्चात कृषकको राय संकलन गरिनेछ ।<br>➢ मिनिकिट वितरण गरिएको भरपाई गरिनेछ । | बिउ परीक्षण साथै नयाँ जातको प्रसार उदेश्यका साथ शतप्रतिशत सहयोग कार्यक्रम उपलब्ध गरिनेछ । | | |
| १६ | बिउ उत्पादन प्रोत्साहन कार्यक्रम | ➢ बिउ उत्पादन कार्यमा संलग्न कृषक,कृषक समूह,फर्म तथा कृषि सहकारीलाई माग संकलनका लागि सूचना प्रकाशन गर्ने र वडा कार्यालय मार्फत सूचना प्रशारण गरी आबेदन संकलन गर्ने ।<br>➢ पालिका भित्र बिउ उत्पादनलाई प्रोत्साहन गर्ने उदेश्यले कृषक,कृषक समूह सहकारीलाई बिउ, मलमा सहयोग र परामर्श, तालिम तथा | बिउ उत्पादन गर्ने कृषकलाई प्रोत्साहन सहयोग गरिनेछ , | बिउ मल र औजार उपकरणमा ५०% सहयोग कार्यक्रम | |

माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

| | | | | | |
|---|---|---|---|---|---|
| | | अभिमुखीकरण कार्यमा सहयोग गरिनेछ । | | | |
| १७ | रैथाने बाली संरक्षण प्रोत्साहन कार्यक्रम | ➢ प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०७८ बमोजिम कार्यक्रम संचालन गरिनेछ । | | | |
| १८ | आइ.पी.एम कृषक पाठशाला | ➢ प्रादेशिक कार्यविधि अनुसार संचालन गरिनेछ । | कुनै एक बाली विशेषमा बाली अवधिभर पाठशाला संचालन गरिनेछ । | प्रादेशिक कार्यविधि अनुसार संचालन गरिनेछ । | |
| १९ | कृषक दिबस कार्यक्रम | ➢ कृषकलाई कृषि अनुसन्धान क्रियाकलाप बारे जानकारी गराउन अनुसन्धान केन्द्र,निजि फर्ममा अवलोकन गराउने र साथै फर्म तथा अनुसन्धान केन्द्रका बैज्ञानिकहरु संग कृषकको अन्तरक्रिया गराउने ,<br>➢ पालिका अन्तर्गतका अगुवा कृषकलाई समाबेश गरिनेछ, | १ दिने अनुसन्धान केन्द्र बिशेष अवलोकन भ्रमण गरिनेछ । | शतप्रतिशत सहयोग कार्यक्रम | |
| २० | आलु प्रबर्धन कार्यक्रम (वडा नं ८) | ➢ वडा नं ८ अन्तर्गत ब्यावसायिक रुपमा आलु खेति गर्ने कृषक,कृषक समूह,फर्म तथा कृषि सहकारीलाई आवश्यक बिउ | भौगोलिक हावापानी सुहाउदो उन्नत जातको आलुको बिउ साथै आबश्यकता अनुसार उपकणमा | आलुको उन्नत बिउमा पालिकाको शतप्रतिशत र मलमा कृषकको १००% लगानीमा साथै औजार उपकरणमा ५०% अनुदान सहित कार्यक्रम संचालन गरिनेछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आलुको माग संकलनका लागि सूचना प्रकाशन गर्ने र वडा कार्यालय मार्फत सूचना प्रशारण गर्ने<br>➢ उक्त कार्यक्रममा कृषक, फर्म, समूह र सहकारीले आबेदन पेश गर्न पाउने छन,<br>➢ वितरण गरेको भरपाई अभिलेख राख्ने, | सहयोग गरिने छ । | | |
| २१ | साना सिंचाई कार्यक्रम (पोखरी ,टंकी निर्माण ,कुलो मर्मत तथा निर्माण ,पाइप वितरण ) | ➢ कृषकहरुबाट माग संकलन गरिनेछ र माग र कृषकको आवस्यकताको आधारमा छनौट गरिनेछ ।<br>➢ छनौट गर्दा भौगोलिक अवस्थाका आधारमा छनौट गरिने । | | प्रादेशिक कार्यविधि बमोजिम कार्यक्रम संचालन गरिनेछ । | |
| २२ | बाली उपचार शिविर | | | प्रादेशिक नर्मस बमोजिम कार्यक्रम संचालन गरिनेछ । | |

**आज्ञाले,**

**वेदहरि अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

मूल्यः रु. २५।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय